राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७७।०८।१६ गते बसेको नवौं बैठकको निर्णयहरु

<u>निर्णय नं. १-:</u> राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट तयार भएको *"सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य राष्ट्रिय मार्गदर्शन, २०७७"* स्वीकृत गर्ने। सो अनुसार सबै तहगत र क्षेत्रगत कार्ययोजनाहरु निर्माण गरी आवश्यक पूर्वतयारी तथा प्रतिकार्य गर्न सम्बन्धित निकायहरुमा प्राधिकरणले परिपत्र गर्ने। सबै निकायहरुले आ-आफ्नो जिम्मेवारी पूरा गर्ने।

<u>निर्णय नं. २-:</u> जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुले शीतलहरको प्रभावबाट सुरक्षित राख्ने उपायहरुको सम्वन्धमा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरु समेतलाई आमन्त्रण गरी पूर्वतयारी र पूर्व प्रवन्ध सम्बन्धी बैठक तुरुन्तै राख्ने। विपद् व्यवस्थापनको क्षेत्रमा सम्वन्धित जिल्लामा रहेका विभिन्न निकाय तथा संघसंस्थाहरुलाई हिमपात, चिसो तथा शीतलहर सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्यमा सक्रिय गराउने।

<u>निर्णय नं. ३-:</u> संघ, प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा काम गर्दा विषयगत क्षेत्रहरुको नेतृत्व तथा सहयोगी निकाय (Clusters lead and co-lead) ले आआफ्नो कार्ययोजना कार्यान्वयन गर्ने। यसको समन्वय तथा विषयगत क्षेत्रको समग्र परिचालन र व्यवस्थापन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गृह मन्त्रालयसँगको समन्वय तथा सुपरिवेक्षणमा गर्ने।

<u>निर्णय नं. ४-:</u> शीतलहर हिमपात तथा चिसोको जोखिम र प्रभाव न्यूनीकरण गर्न निम्नानुसारको रकम केन्द्रिय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा दिने।

क. तराईका बढी प्रभावित ११ जिल्लाहरु सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी पश्चिम र कपिलबस्तुको लागि रु. १५ लाख सम्म;

ख. बाँकी तराई र भित्रीमधेसका ११ जिल्लाहरुको लागि रु १० लाखसम्म;

ग. २१ हिमाली जिल्लाको लागि रु ७ लाखसम्म र

घ. पहाडका ३४ जिल्लाको लागि रु ५ लाखसम्म।

<u>निर्णय नं. ५-:</u> उक्त रकम मिति २०६९।०९।२४ मा मन्त्रिपरिषदबाट "स्वीकृत शीतलहर तथा चिसो प्रभावित विपन्नहरुको पहिचान तथा राहत प्रदान सम्बन्धी मापदण्ड, २०६९" लाई मध्यनजर गरी पुनर्भरण (Replenish) विधिवाट Stand by Arrangement गरी कम्बल, दाउरा, Heater, न्यानो कपडा जस्ता राहतका सामग्री आवश्यकता पर्नासाथ उपलब्ध गराउन र तातोपानी ब्यवस्थापन, बस्तीस्तरसम्म जनचेतना अभिबृद्धिका कामहरु गरी तुरुन्त Response का कार्यमा स्थानीय तह र प्रदेशसँग समन्वय गरी दोहोरो नपर्ने गरी खर्च गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने।

निर्णय नं. ६-: जोखिम न्यूनीकरण र राहतका कार्यक्रमहरु सञ्चालन गर्दा जिल्ला व्यवस्थान समिति (DDMC)सम्बन्धित विषयगत क्षेत्रहरु, स्थानीय तह, प्रदेश सरकारका निकायहरु, निजी क्षेत्र, गैरसरकारी क्षेत्र, रेडक्रस सोसाइटी लगायतका राष्ट्रिय अन्तर्राष्ट्रिय मानवीय सहायता संस्थाहरुसँगको सहकार्य, समन्वयमा गर्ने।

निर्णय नं. ७-: चिसोको मौषममा जेष्ठ नागरिकहरु, विरामीहरु, वालवालिकाहरु, सुत्केरी तथा गर्भवती महिलाहरु, घरविहीन तथा अति विपन्न बर्ग र विपद् प्रभावित बर्गलाई बढी असर पर्ने भएकोले यस समूहलाई विशेष सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गर्न, गराउन जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने।

निर्णय नं. ८-: *"विपद् खोज तथा उद्दार आधारभूत तालिम पाठ्यक्रम, २०७७"* र *"विपद्को समयमा खोज तथा उद्दार, प्राथमिक उपचार र शव व्यवस्थापनका लागि आवश्यक सामग्री सम्बन्धी मापदण्ड, २०७७"* स्वीकृत गर्ने।

निर्णय नं. ९-: भविष्यमा हुनसक्ने ठूला विपद्का समयमा राष्ट्रले अपनाउनु पर्ने अध्यागमन, भन्सार र क्वारेण्टाइन् सम्बन्धी राष्ट्रिय नीति अनुरुपका मापदण्ड तथा कार्यविधिहरु तयार/अध्यावधिक गरी पेश गर्न सम्बन्धित मन्त्रालयहरुलाई अनुरोध गर्ने।

मिति २०७७।०८।१६

१५/१११